# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

मिति : २०८२/०९/१४

**बैठक संख्या :** ०८-२०८२/०८३

**समय :** बिहानको ११:३० बजेदेखि

---

आज मिति २०८२ पुस १४ गते सोमबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | [signature] |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | [signature] |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | [signature] |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | [signature] |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | [signature] |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | [signature] |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | [signature] |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | [signature] |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | [signature] |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | [signature] |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | [signature] |
| १३ | श्री युवराज खापुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | [signature] |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | [signature] |
| | | | | |
| | हरि दुवाधोवी | स्रोत व्यक्ति WASH. | ९८५२८२९६५३ | [signature] |
| | | | | |
| | | | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या :** ०८-२०८२/०८३

**मिति :** २०८२/०९/१४
**समय :** बिहानको ११:३० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०८/११ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : आ. व. २०८३/०८४ का लागि  नेपाल सरकार विशेष अनुदानका लागि माग गर्ने सम्बन्धमा।

निर्णय ४ : आ. व. २०८३/०८४ का लागि  नेपाल सरकार विशेष अनुदानका लागि माग देहायको प्रस्ताव पेश गर्ने :

देहाय :

(क) कार्यान्वयनमै रहेको शिक्षातर्फको योजनालाई Continue गर्ने,
(ख) दिगो विकास सूचकसँग मिल्ने गरी कृषि उत्पादन र प्रशोधनमा जोडिने किसिमको प्रस्तावना बनाएर पेश गर्ने।

प्रस्ताव ५ : आ. व. २०८३/०८४ का लागि  नेपाल सरकार समपूरक अनुदानका लागि माग गर्ने सम्बन्धमा।

निर्णय ५ : (क) आ. व. २०८३/०८४ का लागि संघीय समपूरक अनुदानका लागि देहायको क्रमागत योजना माग गर्ने :

देहाय :

(क) कार्यान्वयनमै रहेको वडा नं. १ र २ को क्रमागत,

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

(ख) पहरीगाउँ-ओजेली-मानाबुङ-संसरीडाँडा-कालिटार-काउसेटार-भोटेटार सडक (तीन वर्षे प्रस्ताव) सडक,

(ग) निन्दा सलकपुर सडक, रोङ - ६, इलाम ।

प्रस्ताव ६ : कार्यालयका चार पाङ्ग्रे हलुका सवारी साधनहरु मर्मत गरे बापतको रकम भुक्तानी दिने सम्बन्धमा ।

निर्णय ६ : कार्यालयका चार पाङ्ग्रे हलुका सवारी साधनहरु : प्र. १-०१-००१ झ. २१६ र बा. २ झ. ३२० को स्वीकृत लागत अनुमानका आधारमा नियमानुसार मर्मत गर्ने र मर्मत खर्चको बिल तथा आवश्यक कागजातहरुका आधारमा मर्मत बापतको रकम बिल बमोजिम भुक्तानी दिने ।

प्रस्ताव ७ : 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।

निर्णय ७ : 'रोङ गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५' बमोजिम देहायका निर्माण व्यवसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने :

देहाय :

(क) समीर मुना कन्स्ट्रक्सन सप्लायर्स एण्ड इन्जिनियरिङ सोलुसन कम्पनी प्रा. लि., रोङ - १, इलाम

(ख) समाल कन्स्ट्रक्सन प्रा. लि., रोङ - १, इलाम

प्रस्ताव ८ : शिक्षाको पूरक पूर्वाधारतर्फ प्राप्त बजेटको बाँडफाँट सम्बन्धमा ।

निर्णय ८ : रोङ गाउँपालिकाको लागि चालू आर्थिक वर्षमा विशेष अनुदान मार्फत् शिक्षातर्फ पूरक पूर्वाधारका लागि प्राप्त रु. १,६५,००,००।० बाट देहाय बमोजिमका आयोजनामा खर्च गर्ने :

**देहाय** :

(क) श्री शशि माध्यमिक विद्यालय, रोङ - २,

(ख) श्री सरस्वती माध्यमिक विद्यालय, रोङ - ४

प्रस्ताव ९ : केही आयोजनाहरुको ठेक्का प्रकृया अघि बढाउने सम्बन्धमा ।

निर्णय ९ : देहायका आयोजनाहरुको देहाय बमोजिम ठेक्का प्रकृया अगाडि बढाउने र कार्यालयले व्यहोर्ने रकम गाउँसभाको आगामी अधिवेशनले व्यवस्था गरे बमोजिम हुने ।

**देहाय** :

| क्र. सं. | योजनाको नाम | कूल लागत अनुमान | प्राप्त बजेट | गाउँपालिकाको लागत साझेदारी |
|---|---|---|---|---|
| १ | Construction of School Building in Shantipur Ma. Vi. | ७८३९०१८।०४ | ५९००००० 'निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान' | १९४९०१८।०४ |
| २ | Shaikshik Bikashko Lagi Sewako Gunastar Avibriddi | ७०३४२५५।६९ | १६५०००००।०० नेपाल सरकार | ४०९५६५।४२ |

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | Antargat Sasi MaBi Bhawan Nirman Tatha Marmat Karya | | विशेष अनुदान | |
| ३ | Shaikshik Bikashko Lagi Sewako Gunastar Avibriddi Antargat Saraswati MaBi (Rong - 4) Bhawan Nirman Tatha Marmat Karya | ६३३४११२।५१ | | |
| ४ | Shaikshik Bikashko Lagi Sewako Gunastar Avibriddi Antargat Devi AaVi (Rong - 1) Bhawan Nirman Tatha Marmat Karya | ३५४११९७।२१ | | |

प्रस्ताव १० : आवश्यक कार्यविधि बनाउने सम्बन्धमा।

निर्णय १० : रोङ गाउँपालिकाभित्रका नम्बरी तथा आवादी जग्गाको रुख गाउँपालिका क्षेत्रभित्रै घरेलु प्रयोजनार्थ दाउरा बाल्नका लागि कटान गर्ने कार्यलाई नियमन गर्न आवश्यक कार्यविधि बनाउने।

प्रस्ताव ११ : रोङ गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिबाट निर्णय भई आएको आगामी आ. व. २०८३/०८४ को राजस्वको प्रक्षेपण स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय ११ : रोङ गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिबाट निर्णय भई आएको आगामी आ. व. २०८३/०८४ को राजस्वको प्रक्षेपण स्वीकृत गर्ने।

प्रस्ताव १२ : रोङ गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गर्नका लागि विभिन्न निर्णय गर्ने सम्बन्धमा।

निर्णय १२ : रोङ गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गर्ने सम्बन्धमा देहायका निर्णय गर्ने :

देहाय :

(क) रोङ गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गर्ने प्रयोजनार्थ परामर्शदाताका लागि तयार गरिएको ToR (Terms of Reference) स्वीकृत गर्ने,

(ख) ५८ वटै टोल विकास समितिबाट १/१ जना सर्भेक्षक नियुक्त गरी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने,

(ग) सर्भेक्षकको न्यूनतम योग्यता देहाय बमोजिम हुने :

- कम्तीमा १२ पास,
- एण्ड्रोइड मोबाइल भएको,
- सञ्चार सीप भएको।

(घ) तथ्याङ्क संकलन गरे बापत् सर्भेक्षकलाई प्रति घरको रु.१२०।- का दरले भुक्तानी दिने, ('करार सेवा शुल्क' बाट भुक्तानी दिने)

(ङ) सर्भेक्षकको कामको अनुगमन सम्बन्धित टोल विकास समितिले गर्ने,

(च) सर्भेक्षकले संकलन गरेको विवरणलाई टोल विकास संस्थाको अध्यक्ष वा जिम्मेवार पदाधिकारीले प्रमाणित गरी रोङ गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने।

प्रस्ताव १३ : 'अध्यक्षसँग विद्यार्थी' कार्यक्रमका सम्बन्धमा।

निर्णय १३ : 'अध्यक्षसँग विद्यार्थी' कार्यक्रमका सम्बन्धमा देहायका निर्णय गर्ने :

देहाय :

(क) विद्यार्थी बचत खाताका आधारमा सबै विद्यार्थीहरुको DEMAT खाता खोल्ने,

(ख) विद्यार्थी बचत खातामा जम्मा भएको रकमलाई सम्बन्धित विद्यार्थीको अभिभावकको मञ्जुरीनामा लिएर शेयरमा लगानी गर्ने,

(ग) Broker खाता Sun Security Pvt. Ltd. मा खोल्ने र प्राइम बैंककै खातालाई प्रयोगमा ल्याउने,

(घ) DEMAT खाता खोल्न र IPO सम्बन्धी अन्य कार्य गर्नलाई रु. १ बचत कार्यक्रमकै प्रतिनिधि जिम्मेवारी तोक्ने,

(ङ) DEMAT र CRN खाता खोल्ने कार्य गरे बापत् प्रति DEMAT/CRN बराबर रु. ५०।- का दरले कार्यालयबाटै भुक्तानी दिने, उक्त भुक्तानी लिनका लागि आफूले गरेको कामको विवरण सहित निवेदन पेश गर्नुपर्ने। (स्रोत : अध्यक्षसँग विद्यार्थी)

(च)DEMAT खाता खोल्न लाग्ने शुल्क छुटको लागि Broker Company लाई प्रस्ताव गर्ने,

(छ)DEMAT खाता र CRN नम्बर प्राप्त भएपछि खुलेका सम्पूर्ण IPO भर्ने तयारीको लागि IPO Core Team लाई जिम्मेवारी प्रदान गर्ने, सो टिमलाई रु. ८०।- का दरले भुक्तानी दिने, (स्रोत : अध्यक्षसँग विद्यार्थी)

(ज) IPO भराउने सम्बन्धमा देहाय बमोजिम ३ देखि ५ सदस्यीय टिम तयार गर्ने :

- श्री नारायण अर्याल, कम्प्युटर अधिकृत,
- श्री खगेन्द्र विश्वकर्मा,'अध्यक्षसँग विद्यार्थी' कार्यक्रमको गाउँपालिका फोकल पर्सन ,
- शेयर जानकार शिक्षकहरु - श्री विजय ढकाल, श्री नारायण कार्की, श्री राम तामाङ र श्री भरत घिमिरे
- शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख।

(झ)उक्त कार्य गर्नका लागि विद्यालयहरुलाई आवश्यक मात्रामा प्रिन्ट पेपर तथा कार्टेज उपलब्ध गराउने।

प्रस्ताव १४ : टोल विकास समितिलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय १४ : ५६ वटै टोल विकास समितिलाई प्रति समिति रु. २५,०००।- का दरले आर्थिक सहयोग गर्ने। उक्त रकम सम्बन्धित वडाको 'दिगो विकास' शीर्षकमा रहेको रकमबाट भुक्तानी दिने। टोल विकास समितिले कुनै योजनामा श्रम गर्ने र उक्त योजनाको कार्यसम्पन्न प्रतिवेदन, डोर हाजिरी आदिको आधारमा भुक्तानी दिने। यसअघि प्रत्येक टोल विकास संस्थालाई रु. २०,०००।- का दरले आर्थिक सहयोग गर्ने निर्णय पनि कार्यान्वयन गर्ने। नयाँ एम्बुलेन्स खरिद गर्नका लागि प्रत्येक टोल विकास संस्थाहरुबाट उक्त रकममध्ये रु. २५,०००।- आर्थिक सहयोगका रुपमा प्रदान गर्न अनुरोध गर्ने। (स्रोत : लागत साझेदारी)

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव १५ : पाथीभरा मन्दिरको सुनचाँदी व्यवस्थापन गर्ने सम्बन्धमा ।

निर्णय १५ : पाथीभरा मन्दिरमा दानबापत् प्राप्त सुनचाँदीजस्ता बहुमूल्य धातु तथा गर गहनाहरुलाई नापजाँच गरी उक्त मन्दिरको बेग्लै जिन्सी खाता खडा गरेर त्यसमा अभिलेख राख्ने तथा उक्त धातुहरुको संरक्षण गर्ने ।

प्रस्ताव १६ : बालविकास कक्षामा कार्यरत स. का. हरुलाई मासिक रु. ८,०००।- का दरले आर्थिक सुविधा थप गर्ने सम्बन्धमा ।

निर्णय १६ : रोङ गाउँपालिकाभित्र नै स्थायी बसोबास भई आफ्नो घरगाउँभन्दा बाहिर गएर रोङ गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा सञ्चालित बालविकास कक्षाहरुमा काम गर्ने स. का. हरुलाई मासिक रु. ८,०००।- का दरले आर्थिक सुविधा थप गर्नका लागि स्रोतको पहिचान गर्ने र यसका लागि एउटा मापदण्ड समेत तयार गर्ने ।

प्रस्ताव १७ : सिम्रिक बचत तथा ऋण सहकारीको शाखा सञ्चालन अनुमती सम्बन्धमा ।

निर्णय १७ : सिम्रिक बचत तथा ऋण सहकारीको शाखा यस रोङ गाउँपालिकाभित्र नियमानुसार सञ्चालन गर्न अनुमती दिने ।

प्रस्ताव १८ : वडा तर्फको योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णय १८ : हाललाई रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि वडातर्फको स्वीकृत योजनाहरुमध्ये 'नेपाल सरकार वित्तीय समानीकरण अनुदान' बाट व्योरिने योजनाहरु कार्यान्वयन प्रकृया अगाडि बढाउने ।

प्रस्ताव १९ : गुरु किसान पाठ्यपुस्तक प्रकाशन गर्ने सम्बन्धमा ।

निर्णय १९ : रोङ गाउँपालिकाभित्रका छानिएका गुरु किसानलाई प्रशिक्षित र सुशिक्षित गर्न गुरु किसान पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रकाशन गर्ने । यसका लागि FAO सँग सहकार्य गर्ने ।

प्रस्ताव २० : 'गुरु किसानसँग सम्बन्धित कार्यक्रम' सञ्चालन गर्ने सम्बन्धमा ।

निर्णय २० : रोङ गाउँपालिकालाई चालू आर्थिक वर्ष २०८२/०८३ कृषि तर्फ 'गुरु किसान छनौट तथा नमूना फार्म स्थापना सहयोग कार्यक्रम' शीर्षकमा प्राप्त रकमलाई परिचालन गर्न आवश्यक मापदण्ड स्वीकृत गर्ने ।

प्रस्ताव २१ : छिमेकी स्थानीय तह सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट नि:शुल्क रुपमा प्राप्त हुने भनिएको एम्बुलेन्स जाँचबुझ गर्नका लागि गठित कार्यदलको प्रतिवेदन सम्बन्धमा ।

निर्णय २१ : छिमेकी सूर्योदय नगरपालिका, इलामले प्रयोग गरिरहेको एउटा एम्बुलेन्स यस रोङ गाउँपालिकालाई नि:शुल्क रुपमा हस्तान्तरण गर्न इच्छुक भएको बुझिएको हुँदा दिने भनिएको एम्बुलेन्सको कागजात, भौतिक तथा अन्य आवश्यक विषयहरुको जाँचबुझ गरी उक्त एम्बुलेन्स

स्वीकार गर्न उपयुक्त भए-नभएको विषयमा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि स्वास्थ्य शाखा प्रमुख श्री युवराज काफ्लेको संयोजकत्वमा सब इन्जिनियर श्री गुमानसिंह सुब्बा र मेकानिकाल इन्जिनियर श्री सौभाग्य थापा सहितको एक कार्यदल गठन भएको र उक्त कार्यदलले पेश गरेको प्रतिवेदनको निश्कर्ष समेतका आधारमा उक्त एम्बुलेन्स स्वीकार नगर्ने।

प्रस्ताव २२ : नयाँ एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा।

निर्णय २२ : आवश्यक सहयोग र स्रोत जुटाएर एउटा वा दुईटा नयाँ एम्बुलेन्स खरिद प्रकृया अघि बढाउने। एम्बुलेन्स खरिदका लागि एउटा बैंक एकाउण्ट खोल्ने। उक्त एकाउण्टमा संकलित रकमबाट हुने खर्चको आवधिक रुपमा नियमानुसार लेखापरीक्षण तथा सामाजिक परीक्षण गर्ने। उक्त बैंक एकाउण्ट देहायका व्यक्तिहरुको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने व्यवस्था मिलाउने :

देहाय :

- ✓ श्री सन्ध्याकला राई, सि. अ. हे. व., इरौंटार स्वास्थ्य चौकी,
- ✓ श्री रुप बहादुर तामाङ (लामा), अध्यक्ष, हडिया टोल विकास संस्था, रोङ - ४,
- ✓ श्री उपेन्द्र दाहाल, अध्यक्ष, इरौंटार ९ टोल विकास संस्था, रोङ - ५

प्रस्ताव २३ : तारजाली ढुवानी बापतको खर्च भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय २३ : रोङ गाउँपालिका, वडा नं. का विभिन्न स्थानमा प्रयोग गर्न जिल्ला सदरमूकाम, इलामबाट तारजाली ढुवानी गरे बापतको खर्च ढुवानीकर्ता श्री चक्र बहादुर खवासलाई भुक्तानी दिने।

प्रस्ताव २४ : खेलकूद सम्बन्धमा।

निर्णय २४ : खेलकूद सम्बन्धमा देहाय बमोजिम गर्ने :

देहाय :

(क) क्रिकेट प्रतियोगिता आयोजना गर्ने,

(ख) महिला फूटबल प्रतियोगिता आयोजना गर्ने (कार्यालयले १ लाख व्यहोर्ने)

प्रस्ताव २४ : ज्ञानोदय आधारभूत विद्यालय, रोङ - १ मा इन्टरनेट जडान गर्ने सम्बन्धमा।

निर्णय २४ : ज्ञानोदय आधारभूत विद्यालय, रोङ - १ मा इन्टरनेट जडान गर्न Optical Fiber विस्तारका लागि आवश्यक प्रकृया र कागजातका आधारमा आर्टिक कम्युनिकेशन प्रा. लि. लाई रु. ३५,०००।- उपलब्ध गराउने।

प्रस्ताव २५ : अस्थायी प्रहरी चौकी बरफल्याङ, रोङ - २ लाई सामाग्री हस्तान्तरण गर्ने सम्बन्धमा।

निर्णय २५ : अस्थायी प्रहरी चौकी बरफल्याङ, रोङ - २ ले मिति : २०८२/०८/२३ मा देहायका सामानहरु माग गरेकोमा कतिपय सामान प्रयोगका लागि हस्तान्तरण गरिएकोमा उक्त हस्तान्तरण अनुमोदन गर्ने र कतिपय हस्तान्तरण गर्न बाँकी सामानहरु हस्तान्तरण गर्ने :

देहाय :

- ✓ मोटरसाइकल : १ थान,
- ✓ कम्प्युटर : १ थान,
- ✓ प्रिन्टर : १ थान,
- ✓ कम्प्युटर टेबल : १ थान,
- ✓ फाइल : ५ थान,
- ✓ रजिष्टर : ५ थान,

प्रस्ताव २६ : मासिक खोप क्लिनिक र गाउँघर क्लिनिक सञ्चालन गरे बापतको खर्च उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय २६ : मासिक खोप क्लिनिक र गाउँघर क्लिनिक सञ्चालन गरे बापतको खर्च प्रति क्लिनिक एक जना स्वास्थ्यकर्मीलाई रु. ५००।- का दरले उपलब्ध गराउने । खोप क्लिनिक महिनामा ११ पटकका दरले वर्षमा १३२ पटक र गाउँघर क्लिनिक महिनामा १८ पटकका दरले वर्षमा २१६ पटक सञ्चालन हुने हुँदा कूल जम्मा ३४८ क्लिनिकको रु. ५००।- का दरले जम्मा रु. १,७४,०००।- खर्च लागत लाग्ने देखिन्छ । उक्त रकम चालू आर्थिक वर्षको 'तलब भत्ता' शीर्षकबाट भुक्तानी दिने ।

प्रस्ताव नं. २७

आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. २७

देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (श्रोत : आर्थिक सहायता):

| क्र. सं. | सहयोग पाउनेको नाम, थर | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आवास तथा खाना उपलब्ध गराउने होटल | मेची बहुमुखी क्याम्पस, भद्रपुर झापामा BASW मा अध्ययनरत विद्यार्थीहरुले रोङमा फिल्डवर्क गर्दा भएको खर्च | बिल बमोजिम | 'अतिथि सत्कार' बाट |
| २ | योङ स्टार फूटबल क्लम, रोङ - ६, इलाम | खेलकूद कार्यक्रम आयोजना | ३०,०००।- | |
| ३ | चन्द्रा देवी कोइराला, रोङ - २, इलाम | औषधी उपचार | १५,०००।- | |
| ४ | वीर बहादुर राई/सुस्मिता राई, रोङ - ५, इलाम | औषधी उपचार | २०,०००।- | |
| ५ | रमेश सुवेदी/डिल्लीराम | औषधी उपचार | १०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | सुवेदी, रोङ - २, इलाम | | | |
| ६ | लाप्चा उत्थान गाउँ ईकाइ समिति, रोङ - ३, इलाम | नामवन नामआल पर्व मनाउन | २०,०००।- | |
| ७ | स्वतन्त्र विद्यार्थी युनियन, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम | विद्यार्थी अक्षय कोषमा सहयोग | १५,०००।- | |
| ८ | शिशिर शिवाकोटी, रोङ-१, इलाम | अध्ययन अनुसन्धान | १०,०००।- | |
| ९ | सरस्वती माध्यमिक विद्यालय, रोङ - ४, इलाम | ३८ औं युवा जुनियर तथा शिक्षक नायक गोष्ठी आयोजना खर्च | ४०,०००।- | |
| १० | विष्णु कुमारी राई, रोङ - ५, इलाम | औषधी उपचार | १५,०००।- | |
| ११ | | | | |
| १२ | कामना प्रसाइँ, रोङ - २, इलाम | अन्तर्राष्ट्रिय खेलमा सहभागिता | २०,०००।- | पहिलेकोमा थप |
| १३ | मनिसा राई, रोङ – ६ | औषधी उपचार | २०,०००।- | |
| १४ | नेत्र कुमार राई, रोङ – ४ | औषधी उपचार | ३०,०००।- | |
| १५ | रोङ सेजुम ठी, रोङ – ६ | नामवन नामआल पर्व मनाउन | २०,०००।- | |
| १६ | सिंहदेवी भजन कीर्तन मण्डली, रोङ -२ | भजन कीर्तन सामाग्री | बिल अनुसार | |

प्रस्ताव २८ : कार्यालयका सवारी साधन पार्किङका लागि टहरा निर्माण गरे बापतको खर्च भुक्तानी सम्बन्धमा।

निर्णय २८ : कार्यालयका सवारी साधन पार्किङका लागि टहरा निर्माण गरे बापतको खर्च 'विविध खर्च' बाट भुक्तानी

प्रस्ताव २८ : NWASH-MIS कार्यक्रमका सञ्चालन लागि आवश्यक कार्य गर्ने सम्बन्धमा।

निर्णय २८ : 'NWASH-MIS कार्यक्रमका सञ्चालन लागि तत्काल देहायका कार्य गर्ने :

१) देहाय बमोजिम कार्यदल गठन गर्ने :

२) गणक (सामाजिक) छनौट गर्ने

३) गणक (प्राविधिक) छनौट

प्रस्ताव २९ : मोटरसाइकल मर्मत गर्ने सम्बन्धमा।

निर्णय २९ : रोङ गाउँपालिका, वडा नं. - २ को मे. १ ब. २६८ नं. को मोटरसाइकल मर्मत गर्दा लागेको खर्च बिल बमोजिम भुक्तानी दिने।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव ३० : ह्याभी इक्युपमेन्ट मर्मत बापतको रकम भुक्तानी गर्ने सम्बन्धमा ।

निर्णय ३० : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको स्वमित्वमा रहेका ३ वटा ह्याभी इक्युपमेन्टहरु विगत लामो समयदेखि मर्मत भई भुक्तानी बाँकी रहेकोमा मर्मत गर्दा लागेको खर्च बिल तथा आवश्यक अन्य कागजातका आधारमा भुक्तानी दिने ।

प्रस्ताव ३१ : 'उपाध्यक्षसँग युवा/महिला' शीर्षकको रकम बाँडफाँड सम्बन्धमा ।

निर्णय ३१ : रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत योजना कार्यक्रमको 'उपाध्यक्षसँग युवा/महिला' शीर्षकको लागि विनियोजित रु. ७,००,०००।- लाई देहाय बमोजिम बाँडफाँड गरी कार्यान्वयन गर्ने :

देहाय :

१) महिलाहरुलाई उद्घोषण, माइन्युट लेखन, प्रस्तावना लेखन सम्बन्धी तालिम : रु. २,००,०००।-
२) महिलाहरुलाई साबुन बनाउने तालिम : रु. १,८०,०००।-
३) महिला तथा बालबालिकाहरुलाई मनोसामाजिक परामर्शसम्बन्धी सचेतना कार्यक्रम : रु. ३,२०,०००।-

प्रस्ताव ३२ : 'सवारी साधन मर्मत २ पाङ्ग्रे' बाट केही रकम खर्च गर्ने सम्बन्धमा ।

निर्णय ३२ : यस कार्यालयको चार पाङ्ग्रे सवारी साधन मर्मत गर्दा भएको खर्च रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत योजना कार्यक्रमको 'सवारी साधन मर्मत ४ पाङ्ग्रे' शीर्षकमा विनियोजित रकम अपुग हुनसक्ने भएकोले उक्त अपुग रकम तत्कालका लागि 'सवारी साधन मर्मत २ पाङ्ग्रे' शीर्षकमा रहेको रकमबाट भुक्तानी दिने । यस निर्णय अनुमोदनका लागि गाउँसभाको आगामी अधिवेशनमा पेश गर्ने ।

प्रस्ताव ३३ : 'NWASH Plan' निर्माण गर्ने सम्बन्धमा ।

निर्णय ३३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कोशी प्रदेश, खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय र SNV बीच मिति : २०८२/०८/०४ मा भएको त्रिपक्षीय सम्झौता अनुसार NWASH Plan तयार गर्नका लागि देहाय अनुसार गर्ने :

- ✓ यस रोङ गाउँपालिकाको जलवायु उत्थानशील खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (CR-WASH Plan) तयारीका लागि भएको समझदारी पत्र अनुमोदन गर्ने ।
- ✓ उक्त MoU अनुसार यस कार्यालयले व्यहोर्नुपर्ने रकम यस रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत बजेटको 'विविध खर्च' शीर्षकबाट भुक्तानी दिने ।
- ✓ यस MoU अनुसारको कार्य गर्नका लागि यस कार्यालयको तर्फबाट फोकल पर्सन श्री देवी प्रसाद चापागाईलाई तोक्ने ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

- ✓ जलवायु उत्थानशील खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (CR-WASH Plan) तयारीका लागि NWASH-MIS सिस्टम प्रयोगको लागि युजर आइ.डि. र पासवर्डको लागि खानेपानी तथा ढल व्यवस्थापन विभागमा पत्राचार गर्ने ।
- ✓ यस रोङ गाउँपालिकाको जलवायु उत्थानशील खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (CR-WASH Plan) तयारी गर्ने विभिन्न चरणहरुको समन्वय, अनुगमन, निर्देशन, सल्लाह, सुझाब तथा निगरानी समेत गर्ने उद्देश्यले तपशिल बमोजिमको एक कार्यदल गठन गर्ने :

**तपशील:**

| क्र.सं. | नाम थर | पद | फोन नं. |
|---|---|---|---|
| १ | श्री मनोहरी खड्का (१ नं. वडा अध्यक्ष) | संयोजक | 9852640570 |
| २ | श्री राजकुमार लाप्चा (४ नं. वडा अध्यक्ष) | सदस्य | 9814040294 |
| ३ | श्री रीना राई (५ नं. वडा सदस्य) | सदस्य | 9863626994 |
| ४ | रोशन भट्टराई, सूचना प्रविधि अधिकृत | सदस्य | 9852642021 |
| ५ | दिपक अधिकारी, इन्जिनियर | सदस्य | 9852640160 |
| ६ | देवी प्रसाद चापागाई, सहायक पाँचौं | सदस्य-सचिव | 9844612701 |

- ✓ यस रोङ गाउँपालिकाको जलवायु उत्थानशील खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (CR-WASH Plan) तयारीका लागि गठन गरिएको कार्यदललाई तपशील बमोजिमको कार्यविवरण दिने निर्णय गरियो :

**तपशील**

- ज.उ.खा.स.स्व.योजना तयारीका हरेक चरणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- सामाजिक तथा प्राविधिक गणक छनौट गर्ने ।
- सामाजिक तथा प्राविधिक गणकहरुबाट तथ्याङ्क संकलन कार्य भइरहेको समयमा फिल्ड अनुगमन गर्ने ।
- सामाजिक तथा प्राविधिक गणकहरुबाट संकलन भएका तथ्याङ्कको पुनरावलोकन गर्ने ।
- संकलन भएका तथ्याङ्कको परीक्षण  र अन्तिम अनुमोदन प्रक्रियाहरू पूरा गर्ने ।
- जलवायु उत्थानशील खानेपानी तथा सरसफाई योजना तयारीका लागि गाउँपालिकास्तरीय खा.स.स्व. योजनाहरुको प्राथमिकीकरण गर्ने, मापदण्ड बनाउने ।
- संकलन भएका तथ्याङ्कको वडास्तरमा हुने प्रमाणीकरण तथा प्राथमिकीकरण कार्यशालाको लागि सहजीकरण गर्ने ।

- ✓ जलवायु उत्थानशील खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारीका गर्ने क्रममा खटिएका गणकहरुलाई परिचयपत्र आवश्यक हुने हुनाले उक्त कार्यको लागि प्रशासनिक प्रक्रिया शुरु गर्ने।

विनोद कुमार चौहान
प्रशासकीय अधिकृत

- ✓ जलवायु उत्थानशील खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारीका प्रत्येक चरणको प्रगतीको निगरानी गर्न रोङ गाउँपालिका उपाध्यक्ष ज्यूको संयोजकत्वमा देहाय बमोजिम ३ सदस्यीय अनुगमन समिति गठन गर्ने :

  देहाय :

  - श्री विष्णुमाया खवास, उपाध्यक्ष : संयोजक
  - श्री विनोद कुमार चौहान, प्रमुख प्रशासकीय अधिकृत : सदस्य
  - श्री मातृका बराल, ३ नं. वडा अध्यक्ष : सदस्य
- ✓ WASH Plan निर्माण गर्नका लागि आवश्यक जनशक्ति (गणक) नियुक्ति प्रकृया यथाशीघ्र अघि बढाउने।
- ✓ माथिका सबै निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित शाखाहरूलाई स्पष्ट जिम्मेवारी दिने। गाउँपालिकाले यो योजना तर्जुमा कार्य स्थानीय समुदायको सक्रिय सहभागिता, समावेशी दृष्टिकोण र प्रामाणिक डेटा आधारित निर्णयमार्फत सफल बनाउन प्रतिबद्ध रहने।

प्रस्ताव ३४ : नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन खर्च भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय ३४ : रोङ गाउँपालिका, वडा नं. १ मा २०८२/०८/१९ देखि ०८/२६ गतेसम्म सञ्चालित नि:शुल्क स्वास्थ्य शिविरको सञ्चालन तथा व्यवस्थापन खर्च बिल तथा भरपाई बमोजिम रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत बजेटको 'विविध खर्च' शीर्षकबाट भुक्तानी दिने।

प्रस्ताव ३५ : मोटरसाइकल मर्मत बापतको रकम भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय ३५ : सब इन्जिनियर श्री गुमानसिंह सुब्बाले प्रयोग गरिरहेको मे. १ ब. ७६३ नम्बरको मोटरसाइकल मर्मत गरे बापतको रकम बिल बमोजिम भुक्तानी दिने।

प्रस्ताव ३६ : प्युरे टोल सडक मर्मत गर्ने सम्बन्धमा।

निर्णय ३६ : स्वीकृत लागत अनुमानका आधारमा प्युरे टोल सडक मर्मत गर्ने। (स्रोत : विपद् व्यवस्थापन कोष)

प्रस्ताव ३७ : अस्थायी प्रहरी चौकी, बरफल्याङ, इलामको नयाँ कार्यालय उदघाटन कार्यक्रमको खर्च भुक्तानी दिने सम्बन्धमा।

निर्णय ३७ : २०८२ मंशिर २२ गते अस्थायी प्रहरी चौकी बरफल्याङ इलामको नयाँ कार्यालय उदघाटन कार्यक्रम सञ्चालन गर्दाको खर्च भुक्तानी दिने (श्रोत : विविध खर्च)।

प्रस्ताव ३८ : भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय ३८: ठेक्का नं. : RRM/ILAM/NCB/WORKS/2082/83-09 रहेको Haspokhari Majuwa Sarupakha Murchunge Nakhopa Besibajar Sadak स्तरोन्नति गर्ने कार्य हुँदै गर्दा केही आइटमका परिमाणमा थपघट गर्नुपर्ने भएकोले उक्त योजनाका निर्माण व्यवसायी संस्थाले पेश गरेको

निवेदन तथा भौतिक पूर्वाधार शाखाले पेश गरेको विवरण बमोजिम उक्त योजनाको भेरिएसन आदेश १ स्वीकृत गर्ने।

प्रस्ताव ३९ : 'रोङ गाउँपालिकामा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२' स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय ३९ : 'रोङ गाउँपालिकामा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२' स्वीकृत गर्ने।

'रोङ गाउँपालिकामा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२'

यस रोङ गाउँपालिकालाई प्राप्त हुने संघीय सशर्त कार्यक्रम 'गुरु किसान छनौट तथा नमूना फार्म स्थापना सहयोग कार्यक्रम' सञ्चालनका लागि 'प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२' को दफा ५१ को उपदफा (३) बमोजिम र 'रोङ गाउँपालिका, गुरु किसान कार्यविधि, २०८०' को अधीनमा रही तपशीलका मापदण्डहरु तयार गरियो :

१. 'रोङ गाउँपालिका गुरु किसान कार्यविधि - २०८०' अनुसार मिति २०८१/०१/२४ गते गुरु किसान सूचीकृतका लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गरी मिति २०८१/०६/१३ गते १२१ जना गुरु किसान छनौट गरिसकेको हुँदा आ. व.२०८२/०८३ मा पुनःगुरु किसान छनौट गर्नु नपर्ने।
२. 'रोङ गाउँपालिका गुरु किसान कार्यविधि २०८०' अनुसार ११ वटा विधामा गुरु किसान छनौट भएको हुँदा 'गुरु किसान छनौट तथा नमूना फार्म स्थापना सहयोग कार्यक्रम' लाई फलफूल तथा तरकारी खेतीमा मात्र गर्न सीमित गर्न नसकिने हुँदा ११ वटा विधाहरुमा नै सञ्चालन गर्ने।
३. यस कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सार्वजानिक सूचना प्रकाशन गरी स्वयं गुरु किसानहरुसँग सम्झौता गरी मुख्य (माटो तथा गोठेमल सुधार कार्यक्रम, सिंचाईको लागि आवश्यक पानी व्यवस्थापन, प्लाष्टिक पोखरी निर्माण तथा सुदृढीकरण, कृषि प्रविधि हस्तान्तरण, विधागत रुपमा छनौट भएका गुरु किसानहरुको खेती बाली तथा पशुपंक्षी संरक्षण कार्यक्रम, तालिम, गुरु किसान मार्गदर्शन पुस्तक प्रकाशन तथा अन्य आवश्यक कार्यहरु) उक्त कार्यहरु (पुस्तक प्रकाशन बाहेक) ५० % कृषकको लागत सहभागितामा गर्ने।
४. अन्य कार्यहरु 'प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२' र 'रोङ गाउँपालिका गुरु किसान कार्यविधि २०८०' अनुसार सञ्चालन गर्ने।
५. गुरु किसान छनौट तथा परिचालन निर्देशन समितिको बैठक बसि प्राप्त गुरु किसानको प्रस्तावहरु माथि छलफल गरी कार्यक्रमको उचित मूल्याङ्कन गर्ने।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव ४० : राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा।

निर्णय ४० : राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने :

(क) आ. व. २०८२/०८३ का लागि रोङ गाउँपालिका अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा सूचीकृत बेरोजगार व्यक्तिहरूको विवरण अनुसार ४६७ जना महिला र ७२९ जना पुरुष गरी जम्मा १,१९६ (एक हजार एक सय छयानब्बे) जना बेरोजगार सूचीकृत भएको देखिएकाले उक्त बेरोजगार सूचीलाई यथावत् अनुमोदन गर्ने।

(ख) रोङ गाउँपालिकाका ६ (छ) वटै वडाहरूमा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत जम्मा ४० (चालीस) जना सूचीकृत बेरोजगारहरूलाई रोजगार आयोजनामा संलग्न गराउने।

(ग) संघीय सशर्त अनुदान स्रोतबाट श्रमिक ज्यालाका लागि रु. ३०,७२,०००/- (रुपैयाँ तीस लाख बहत्तर हजार रुपैयाँ मात्र) बाट अदक्ष र अर्धदक्ष कामदारहरुका लागि ज्याला बापतको रकम भुक्तानी गर्ने। वडागत रुपमा कार्यान्वन हुने योजनाहरुका लागि प्रयोग हुने श्रमिकको समेत ज्याला भुक्तानीका लागि यस शीर्षकको रकम खर्च गर्न सकिने।

(घ) देहाय बमोजिमको स्रोतबाट राष्ट्रिय रोजगार कार्यक्रमका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद तथा दक्ष जनशक्तिलाई ज्याला समेत भुक्तानी गर्ने :

| क्र. सं. | खर्च शीर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | रोजगार आयोजनाका लागि गाउँपालिकाको साझेदारी (गाउँपालिका) | ११००००० | आवश्यकता अनुसार वडागत रुपमा साझेदारी गर्ने |
| २ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम (वडा नं. - १) | ५००००० | |
| ३ | पक्की नाली निर्माण राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी (वडा नं. - २) | ५००००० | |
| ४ | राष्ट्रिय रोजगार कार्यक्रम सामाग्री खरिद (वडा नं. - ३) | ३००००० | |
| ५ | राष्ट्रिय रोजगार कार्यक्रम सामाग्री खरिद (वडा नं. - ४) | ३००००० | |
| ६ | राष्ट्रिय रोजगार कार्यक्रम साझेदारी (वडा नं. - ५) | ५००००० | |
| ७ | राष्ट्रिय रोजगार कार्यक्रम सामाग्री खरिद (वडा नं. - ६) | ५००००० | |
| | | ३०७२००६ | |

रोङ गाउँपालिकामा आ. व. २०८२/०८३ मा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सामाग्री खरिदका लागि गाउँपालिकाको रु. ४७२००६ बाट वडागत रुपमा लाग्ने खर्च

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

| क्र. सं. | खर्च शीर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. - १ को लागि | १०३२०० | |
| २ | वडा नं. - २ को लागि | १०३२०० | |
| ३ | वडा नं. - ३ को लागि | ५७३९६ | |
| ४ | वडा नं. - ४ को लागि | १८१० | |
| ५ | वडा नं. - ५ को लागि | १०३२०० | |
| ६ | वडा नं. - ६ को लागि | १०३२०० | |
| | **जम्मा रु.** | ४७२००६ | |

(ङ) यसरी श्रमिक ज्याला तथा सामग्री खरिद तथा वितरण खर्च समेत गरी जम्मा रु. ६१,४४,००६/- (एकसट्ठी लाख चौवालिस हजार छ रुपैयाँ मात्र) बराबरको लागतमा रोजगार कार्यक्रम सञ्चालन गर्ने।

(च) वडागत रुपमा सञ्चालन हुने राष्ट्रिय रोजगार कार्यक्रमहरुका लागि यसरी श्रमिक ज्याला तथा सामग्री खरिद तथा वितरण खर्च समेत गरी जम्मा रु. ६१,४३,८०२/- (एकसट्ठी लाख त्रिचालिस हजार आठ सय दुई रुपैयाँ मात्र) बराबरको लागतमा रोजगार कार्यक्रम सञ्चालन गर्ने।

(छ) रोङ गाउँपालिकामा चालू आर्थिक वर्ष २०८२/०८३ मा Caritas Nepal सँगको साझेदारीमा सञ्चालन हुन लागेको परियोजनामा रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट रोजगार सहायक श्री सम्झना आलेलाई खटाउने। निज सम्झना आलेको तलब, भत्ता तथा अन्य सेवा सुविधाहरू सम्बन्धित साझेदारी कार्यक्रम तथा कार्यालयको स्वीकृत व्यवस्था बमोजिम उपलब्ध गराइने।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

<u>प्रस्ताव ४१</u> : योजनाको म्याद थप सम्बन्धमा ।

<u>निर्णय ४१</u> : RRM/ILAM/NCB/WORKS/2081/082-18 (Pathibhara Mandir Aawash Nirman) योजनाको म्याद मिति : २०८२/१०/१५ सम्म रहेकोमा उक्त म्याद २०८२/१०/३० सम्म थप गर्ने ।

<u>प्रस्ताव ४२</u> : योजनाको भेरिएसन अर्डर स्वीकृत गर्ने सम्बन्धमा ।

<u>निर्णय ४२</u> : RRM/ILAM/NCB/WORKS/2081/082-18 (Pathibhara Mandir Aawash Nirman) योजनाको भेरिएसन अर्डर १ स्वीकृत गर्ने ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

सही :

नाम : विनोद कुमार चौहान,

पद : प्रमुख प्रशासकीय अधिकृत

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत